आज मिति २०७९ साल आश्विन ५ गते बुधबार दिनको १:०० बजे तुर्माखाँद गाउँपालिका, विपद व्यवस्थापन समितिको बैठक तुर्माखाँद गाउँपालिकाका अध्यक्ष श्री डम्वर बहादुर बि.सी. ज्यूको अध्यक्षतामा देहायबमोजिमको उपस्थितिमा बसी देहायका निर्णयहरु पारित गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री डम्वर बहादुर वि.सी, अध्यक्ष | संयोजक |
| श्री विमला कुमारी शाही, उपाध्यक्ष | सदस्य |
| श्री चक्रदेव भट्ट, नि.प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री काशिराम बुढा, वन वातावरण तथा विपद व्यवस्थापन समिति सं. | सदस्य |
| श्री महेन्द्र बहादुर शाही, संयोजक, सामाजिक विकास समिति सं. | सदस्य |
| श्री भीम बहादुर चलाउने, संयोजक, पूर्वाधार विकास समिति सं | सदस्य |
| श्री दमन बहादुर घर्ती, संयोजक, सु. तथा संस्थागत वि. स.सं. | सदस्य |
| श्री पदम बहादुर बि.सी. संयोजक, आर्थिक विकास समिति सं. | सदस्य |
| श्री पदम बहादुर विसी..प्रतिनिधि, ने.क.पा. एमाले | सदस्य |
| श्री कविराम वयक , प्रतिनिधि, नेपाली कांग्रेस | सदस्य |
| श्री भुपेन्द्र प्रसाद जैसी, प्रतिनिधि नेकपा माओबादी केन्द्र | सदस्य |
| श्री तिलक बहादुर विष्ट, प्रतिनिधि, नेकपा | सदस्य |
| श्री अमर बहादुर चलाउने, प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| श्री धनन्जय जोशी, प्रहरी सहायक निरीक्षक, प्रहरी चौकी तुर्माखाँद | सदस्य |
| श्री टेक बहादुर साउँद ,शिक्षा अधिकृत | सदस्य |
| श्री ईश्वर प्रसाद जैसी, असिष्टेण्ट सब ईन्जिनियर | सदस्य |
| श्री तपेन्द्र प्रसाद जैसी, विपद फोकल पर्सन | सदस्य सचिव |

आमन्त्रित

**श्री झंकर बहादुर नेपाली, कार्यपालिका सदस्य**

श्री निरक बहादुर शाही, समाजसेवी

<u>प्रस्तावहरु</u>

१.राहात वितरणमा एकद्धार प्रणाली अवलम्बन गर्ने सम्बन्धमा।
२.पुनःनिर्माण सम्बन्धमा।
३.आर्थिक सहयोग सम्बन्धमा।
४.क्षेतीको विवरण संकलन सम्वन्धमा।
५.सहयोगका लागि अपिल गर्ने सम्बन्धमा।

<u>निर्णय नं.१-</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यही २०७९ साल भाद्र महिनाको अन्तिम साता आएको अविरल वर्षाका कारण यस तुर्माखाँद गाँउपालिका अन्तर्गत वडा नं ५ मा पहिरोमा पुरिएर ९ जनाको दुःखद निःधन हुनुका साथै उक्त वडा लगायत अन्य ७ वटै वडाका विभिन्न स्थानमा घरमा पूर्ण तथा आंशिक क्षेति एवं अन्नवालिमा पुग्न गएको क्षेतिका कारण पहिरो पिडित व्यक्तिहरु विस्थापित हुनु भै त्रासपूर्ण एवं भयावह जीवन गुज्रिरहेको सन्दर्भ छ । मृतक परिवारलाई राहात एवं पिडितको पुनर्स्थापना, पुनर्लाभिका कार्यलाई व्यवस्थित ढंगले संचालन गर्न तथा तत्काल राहात एवं उद्धारका कार्यहरु यथासिघ्र संचालन गरी जनताको दैनिक जीवन सहज वनाउन एकल प्रयासले मात्र नहुने हुँदा सहयोगका लागि आम जनसमुदाय, सामुदायिक संस्था, सरकारी तथा गैरसरकारी संघसंस्थालाई सहयोगका लागि हार्दिक अपिल गर्दछौं । यसै सन्दर्भमा प्राप्त राहात सामग्री वितरण कार्यलाई व्यवस्थित वनाउन, दोहोरोपना हुन नदिन तथा आवश्यकता, समता एवं समानताको सिद्धान्तका आधारमा राहात सामग्री वितरणमा पारदर्शिता कायम गर्दै पिडितमुखि वनाउन राहात वितरणमा एकद्धार प्रणाली कायम गर्ने। अतः जिन्सी तथा नगद दुवै किसिमका राहात उपलव्ध गराउन ईच्छुक व्यक्ति, संस्था, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले यस पालिकाको देहायको समन्वय संयन्त्रसंग समन्वय तथा सम्पर्क कायम गरेर यस पालिकालाई हस्तान्तरण गर्नु हुन जानकारी गराईन्छ ।हस्तान्तरित राहात सामग्री अध्ययन अवलोकनका आधारमा तयार गरिएको प्रतिवेदनको विश्लेषण गरी पिडित व्यक्तिको आवश्यकता एवं समानता र समताको शिद्धान्तको आधारमा वस्तुगत आधार एवं मापदण्ड निर्माण गरी वितरण गर्ने निर्णय गरियो।

तपशिलः

सम्पर्क/समन्वय सुत्रः

अध्यक्ष श्री डम्वर वहादुर वि.सी. (९८४८६९०५८८),
प्र.प्र.अ. श्री लोकवहादुर शाही (९८४८४३५८४०)
वडा अध्यक्ष श्री महेन्द्र बहादुर शाही (९८४८६४९४२१)
कार्यपालिका सदस्य श्री दमन  बहादुर घर्ती (९८६८७०१९२९)
विपद सम्पर्क व्यक्ति श्री तपेन्द्र प्रसाद जैसी (९८६८७७९३४०)

नगद हस्तान्तरणका लागिः निम्न खातामा रकम जम्मा गरी भौचर सहित पालिकालाई जानकारी गराउनु पर्ने।

खाताको नामः तुर्माखाँद गाउँपालिका (स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता)
खाता नं-०७९०१०१७५००५२६ (नबिल बैंक शाखा कार्यालय तुर्माखाँद, अछाम)

<u>निर्णय नं.२-</u>
प्रस्ताव नं.२ माथि छलफल गर्दा मिति २०७९ साल श्रावण ८ गते राती १२:०० बजेको समयमा आएको अविरल बर्षाका कारण गएको पहिरोमा परी यस तुर्माखाँद गाउँपालिका वडा नं.२ भुलुका ३ जनाकको मृत्यू भएको र घरमुली श्री नैना विष्ट र उज्जवलसिंह विष्टको घर तथा यही मिति २०७९ साल भाद्र ३१ गतेको अविरल बर्षाका कारण गएको पहिरोमा परी यस तुर्माखाँद गाउँपालिका वडा नं.५ का ९ जनाको मृत्यू भएको तथा घरमुली श्री दिल बहादुर शाही र श्री मन बहादुर शाहीको घर पूर्ण रुपमा नष्ट भएकोले निजहरुको आवास निर्माणको प्रयोजनका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा पुनः निर्माण प्राधिकरण सँग आवश्यक समन्यव तथा सहयोगका लागि जिल्ला विपद व्यवस्थापन समिति अछामलाई अनुरोध गर्ने निर्णय गरियो।

<u>निर्णय नं.३</u>
प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०७९ साल भाद्र ३१ गते राती आएको अबिरल बर्षाका कारण गएको पहिरोमा परी यस तुर्माखाँद गाउँपालिका वडा नं.५ काँडाचौरमा मानवीय तथा धनजनमा भएको क्षेति तथा विपद प्रभावित व्यक्तिहरुलाई राहात स्वरुप आर्थिक सहायताका लागि तुर्माखाँद गाउँपालिकाका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारी,शिक्षक,तथा जनप्रतिनिधिहरुले पाउने सेवा सुविधावाट कट्टा गरी तुर्माखाँद गाउँपालिका(स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता)मा जम्मा गर्ने व्यवस्था मिलाउन तुर्माखाँद गाउँ कार्यपालिकालाइ सिफारिस गर्ने निर्णय गरियो।

<u>निर्णय नं.४</u>
प्रस्ताव नं.४ माथि छलफल गर्दा यही मिति २०७९ साल भाद्र ३१ गतेको अविरल बर्षाका कारण यस तुर्माखाँद गाउँपालिका अन्तर्गतका सबै वडामा मानविय,भौतिक संरचना,बालिनाली,पशु चौपायमा भएको क्षेती तथा विस्थापित व्यक्तिहरुको विवरण यथाशक्य संकलन गर्न सम्बन्धित वडालाई निर्देशन गर्ने निर्णय गरियो।

<u>निर्णय नं.५-</u>
प्रस्ताव नं.५ माथि छलफल गर्दा यही मिति २०७९ साल भाद्र ३१ गते राती आएको अबिरल बर्षाका कारण गएको पहिरोमा परी यस तुर्माखाँद गाउँपालिका वडा नं.५ अन्तर्गतको काँडाचौरका ३ परिवारको ९ जनाको मृत्यु हुनका साथै २ वटा घर पूर्ण रुपमा नष्ट भएको तथा पहिरोक